प्रतिदिन
राष्ट्रिय दैनिक
PRATIDIN NATIONAL DAILY






वर्ष-१६ ।। अङ्क : ८९ ॥ २०८१ वैशाख २५ गते मंगलबार (7th May 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-


# झापामा ठूलो संख्यामा हात्तीपाइलेका रोगी भेटिदैं



झापा(प्रस) । झापामा ठूलो संख्यामा हात्तीपाइलेका रोगीहरु भेटिन थालेका छन् ।हात्तीपाइले विरुद्धको औषधि खुवाउने अभियानअन्तर्गत घरदैलोका क्रममा जिल्लाका सबै पालिकाहरुमा हात्तीपाइले रोगको लक्षण भएका व्यक्तिहरु भेटिएका हुन् । गत वर्षको तथ्यांक अनुसार झापामा १५० को हाराहारीमा हात्तीपाइलेका रोगीहरु भेटिएका थिए । यस वर्ष त्यसको निकै गुणा रोगीको संख्या बृद्धि हुने आकलन गरिएको छ । जिल्लाका २० प्रतिशत विरामीहरु मात्र खुलेर बाहिर आएको र ८० प्रतिशत बिरामीहरु लुकेर बसेकाले यस वर्षको अभियानमा त्यस्ता धेरै विरामीहरु भेटिएको स्वास्थ्य कार्यालय झापाका प्रमुख रमेश बाह्रकोटीले बताए । हात्तीपाइले रोग विरुद्धको औषधि खुवाउने अभियान सम्पन्न भइसकेपछि नयाँ थपिएका विरामीहरुको संख्या यकिन हुने कार्यालय प्रमुख बाह्रकोटीले जानकारी दिए ।

कचनकवल गाउँपालिकाका ७ प्रतिशतमा हात्तीपाइलेको संक्रमण रहेको तथ्यांक छ । जवकि त्यहाँको जनसंख्या ४२ हजार ९१२ रहेको छ ।

त्यस आधारमा त्यहाँ मात्र ३ हजारभन्दा बढी हात्तीपाइलेका विरामी रहेको समीक्षा गरिएको छ । त्यस्तै झापा गाउँपालिकामा ४ प्रतिशत हात्तीपाइलेको विरामी रहेको तथ्यांक छ । झापा गाउँपालिकाको कुल जनसंख्या ३९ हजार ३०२ को ४ प्रतिशत भनेको करिव १५७२ जना हो । यसरी झापामा ठूलो संख्यामा हात्तीपाइलेका रोगीहरु रहेका छन् ।

बिर्तामोडमा गत वर्ष एकजना हात्तीपाइलेको विरामी सार्वजनिक भएकोमा यस वर्ष खोज्दै जाँदा करिव १० जना नयाँ विरामी भेटिसकेको र अझै भेटिने क्रममा रहेको नगरपालिकाका सिनियर अहेव दीपक सापकोटाले बताए । विहीबार भद्रपुरमा एकजना रोगी भेटिएका थिए । भद्रपुर -९ हडिया चिया बगानमा कार्यरत एकजनामा हात्तीपाइलेको लक्षण पाइएको नगर स्वास्थ्यकर्मी एल. वी. पन्तले जानकारी दिए ।

त्यस्तै कमल गाउँपालिकाभित्र औषधि खुवाउने क्रममा एकजना महिलामा हात्तीपाइलेको लक्षण देखिएको गाउँपालिका अध्यक्ष हुकुमसिंह राईले बताए । त्यस्तै मेचीनगरमा पनि हात्तीपाइलेका लक्षण भएका विरामीहरु फेला परेको स्वास्थ्य शाखा प्रमुख सविता सापकोटा निरौलाले बताइन् ।

जिल्लामा ठूलो संख्यामा हात्तीपाइलेको रोगी रहेकाले रोगलाई नियन्त्रण गर्न भ्रामक हल्लाको पछि नलागी ढुक्क भई आम औषधी सेवन गर्न सम्पूर्ण जिल्लावासीलाई वरिष्ठ जनस्वास्थ्य अधिकृत बाह्रकोटीले अनुरोध गरेका छन् ।

## झापाका आधाभन्दा बढीले खाए हात्तीपाइलेको औषधि




झापा(प्रस) । हात्तीपाइले रोग विरुद्धको औषधि सेवन कार्यक्रमअन्तर्गत झापाका आधाभन्दा बढीले औषधि खाएका छन् । बैशाख १६ गतेदेखि शुरु भएको हात्तीपाइले रोगविरुद्धको आम औषधि खुवाउने कार्यक्रमअन्तर्गत बैशाख २३ गते अर्थात आठौ दिनसम्म जिल्लाका ५६ प्रतिशतले औषधि खाइसकेका छन् । जिल्लाको कुल जनसंख्या १० लाख १२ हजार ६४२ मध्ये आठौ दिनसम्म ५ लाख ७६ हजार ८९३ जनाले हात्तीपाइलेको औषधि खाएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । जुन ५६.९६ प्रतिशत हो ।

जिल्लाका १५ वटा पालिकामध्ये बिर्तामोडले सबैभन्दा धेरै प्रगति गर्दै पहिलो स्थान ओगटेको छ । बिर्तामोडको कुल जनसंख्या १ लाख २० हजार ३३८ मध्ये आठौ दिनसम्म १ लाख २ हजार ६६४ अर्थात ८५.३१ प्रतिशतले औषधि खाएका छन् । त्यस्तै दोस्रो स्थानमा कन्काई नगरपालिका रहेको छ । कन्काईले कुल जनसंख्या ५४ हजार २१४ मध्ये आठौ दिनसम्म ४१ हजार ६९८ अर्थात ७६.९१ प्रतिशतलाई औषधि सेवन गराएको छ । तेस्रो स्थानमा रहेको बुद्धशान्तिले कुल जनसंख्या ५३ हजार १० मध्ये ४० हजार २२६ जना अर्थात ७४.१६ प्रतिशतलाई औषधि खुवाएर तेस्रो स्थान हासिल गरेको छ ।त्यस्तै मेचीनगरले ७५ हजार ६३९ अर्थात ५६.७७ प्रतिशत ,अर्जुनधाराले ४६ हजार ५८० अर्थात ५३.६४ प्रतिशत , शिवसताक्षीले ३९ हजार ५७० अर्थात ५२.०२ प्रतिशत ,कमलले २२ हजार ३४२ अर्थात ४०.८४ प्रतिशत , दमकले ६३ हजार ८३७ अर्थात ५६.९७ प्रतिशतलाई हात्तीपाइलेको औषधि खुवाएको स्वास्थ्य कार्यालय झापाले जनाएको छ ।त्यस्तै गौरादहले २० हजार ३६९ अर्थात ३३.०२ प्रतिशत , गौरीगञ्जले १७ हजार ४२८ अर्थात ४९.३४ प्रतिशत , झापा गाउँपालिकाले २१ हजार ८५६ अर्थात ५५.४० प्रतिशत , बाह्रदशीले १९ हजार ८२७ अर्थात ५२.३४ प्रतिशत , हल्दिवारीले १६ हजार ६९५ अर्थात ५०.८७ प्रतिशत , भद्रपुरले २२ हजार १९६ अर्थात ३१.१९ प्रतिशत र कचनकवलले ३९ हजार ६२२ अर्थात ७३.५५ प्रतिशतलाई हात्तीपाइलेको औषधि सेवन गराएका छन् ।

गत वर्ष झापाको बुद्धशान्तिले सबैभन्दा धेरै ९२ प्रतिशत, गौरीगञ्जले ९१ प्रतिशत , हल्दिवारीले ८९ प्रतिशत , कमलले

❖ बाँकी अन्तिम पृष्ठमा

# बैशाख २५ पछि मुख्यमन्त्री कार्कीको अबस्थाको आकलन



झापा(प्रस) । बैशाख २६ पछि कोशी प्रदेशका मुख्यमन्त्री केदार कार्की नेतृत्वको सरकारको अबस्था के हुने भनेर आकलन गर्न थालिएको छ । वैशाख ७ गतेको प्रदेशसभा बैठकले संकल्प प्रस्ताव पारित गर्दै मुख्यमन्त्रीलाई सरकारमा सहभागी रहेको दलले समर्थन फिर्ता लिएकोले सो अबधिदेखि एक महिनाभित्र विश्वासको मत लिन निर्देशन दिएको थियो । प्रदेशसभा सचिवालयले प्रदेश सरकारका अल्पमतमा परेको सन्देशसहित संकल्प प्रस्ताव पारित भएको जानकारी प्रदेश प्रमुखको कार्यालय र मुख्यमन्त्री कार्यालयलाई दिनेगरि वैशाख १० गते पत्र पठाएको थियो । कांग्रेसकै नेताहरुका अनुसार बहुमत (५२ सांसद)ले प्रदेशसभाबाट संकल्प प्रस्ताव पारित गरेको आधारमा पनि अब सरकारमा बसिरहन मुख्यमन्त्रीलाई नैतिकताले दिँदैन । यद्यपि सार्वजनिक ढंगले भने कांग्रेसले मुख्यमन्त्रीलाई टिकिराख्न सहयोग गर्ने बताउँदै आएको छ ।

कोशी प्रदेशसभामा आइतबार कांग्रेस कोशी प्रदेश संसदीय दलका प्रमुख सचेतक गोपाल तामाङले २५ गतेपछि परिस्थिति अर्कोतर्फ मोडिने स्पष्ट रुपमा बताए । '२५ गतेसम्म संविधान अनुसार मुख्यमन्त्रीलाई विश्वासको मत लिने समयावधि छ । त्यसपछि उहाँको विवेकले के गर्नुहुन्छ । त्यसलाई हामीले समर्थन गर्ने हो,' तामाङले भने ।

मुख्यमन्त्रीका लागि संविधानको धारा १८८ को उपधारा २ अनुसार २५ गतेसम्ममा विश्वासको मत लिने समय छ । २५ गतेसम्ममा पनि विश्वासको मत नलिए प्रदेशसभाबाट पारित भएको संकल्प प्रस्ताव, संविधानको धारा १८८ को उपधारा २ देखाउँदै प्रदेश प्रमुखले नयाँ सरकार गठनको आव्हान गर्ने निश्कर्षमा कांग्रेस छ । '२५ गतेपछि त प्रदेश प्रमुखले नयाँ सरकार गठनको आव्हान गर्नुहोला नि । नत्र एमाले र माओवादीका ५२ सांसदको समर्थनमा किन संकल्प प्रस्ताव पारित गर्नुहुन्थ्यो र ?,' तामाङले भने । कांग्रेसको यसअघि बसेको संसदीय दलको बहुमत सदस्यले मुख्यमन्त्रीले मार्गप्रशस्त गर्नुपर्छ भन्ने धारणा राखेका थिए । तर, दलको बैठकले सरकार बचाउनुपर्छ भन्ने निर्णय गरेको थियो । कांग्रेस लोकतान्त्रिक पार्टी भएकोले लोकतन्त्रका आधार भूत मान्यताविरुद्ध नउभिने तामाङको भनाइ छ ।

कांग्रेसकै अर्का सांसदले भने २५ गतेपछि मुख्यमन्त्री केदार कार्की अदालत जाने निश्चित जस्तै देखिएको बताए । 'संविधानतः संकल्प प्रस्ताव पारित भएपछि त्यो समयावधि कटेपछि प्रदेश प्रमुखले नयाँ सरकार आव्हान गर्ने कुरा त कन्फर्म नै हो नि,' उनले भने, ' प्रक्रियागत ढंगले एमाले-माओवादी बलियो हुनका लागि यो गरिरहेको देखिन्छ । सरकारले बजेट ल्याउन चाहेर पनि अब पास हुँदैन । किनकी हामी अल्पमतमा छौं । संसारको प्रचलन हेर्ने हो भने पनि बहुमत त अर्कोतिर छ नि । तर, आफ्नो दलबाट प्रतिनिधित्व गर्ने सरकार प्रमुखले म यसरी संवैधानिक धारा समाएर अगाडि बढ्छु भन्दा हामीले 'ओके' भन्ने मात्रै हो ।'

उनले देशको गठबन्धनको अवस्था र गण्डकी प्रदेशको विषयमा सर्वोच्च अदालतबाट आएको आदेशलाई हेर्दा पनि अब कोशीमा कांग्रेस सरकार नरहने दाबी गरे । ' हामी अल्पमतमा छौं । गण्डकीको सरकारबारे न्यायलयको निष्कर्ष हेर्दा त हामी कमजोर छौं भन्ने देखियो । भोलि के हुन्छ फरक कुरा होला,' उनले भने, 'तर, अहिले त अल्पमतमा छौं नि । त्यो कुरालाई हामीले प्रजातान्त्रिक हिसावले नै हेर्नु पर्छ नि । तर, संविधानको धारा, उपधारा, नियम आदि इत्यादिको विषयमा म अदालत जान्छु भन्दा त नजाउ भन्ने कुरा त हुँदैन ।'

गत चैत २६ गते नेकपा एमाले र नेकपा माओवादी केन्द्रले केदार कार्की नेतृत्वको सरकारलाई दिएको समर्थन र विश्वासको मत फिर्ता लिँदै प्रदेशसभाको विशेष अधिवेशन माग गरेका थिए । संविधानको धारा १८२ को उपधारा २ अनुसार मुख्यमन्त्रीले विश्वासको मत लिनुपर्ने बाध्यात्मक व्यवस्था छ । सोही व्यवस्था कार्यान्वयनमा लैजानका लागि दुई दलले वैशाख ६ गते सुरु भएको प्रदेशसभाको विशेष अधिवेशनमा संकल्प प्रस्ताव पेस गरेका थिए । उक्त प्रस्ताव बहुमतले पारित भएको थियो । सोही बमोजिम मुख्यमन्त्रीले कि विश्वासको मत लिनुपर्ने वा राजीनामा दिनुपर्ने विपक्षीको माग छ । तर, मुख्यमन्त्री केदार कार्कीले भने आफू विश्वासको मत पनि नलिने र राजीनामा पनि नदिने बताउँदै आएका छन् । संविधानको धारा १६८ को उपधारा (५) अनुसार बनेको सरकारले एक पटक विश्वासको मत लिइसकेपछि २ वर्षसम्म पुनः विश्वासको मत लिनु नपर्ने उनको जिकिर छ ।

मुख्यमन्त्री कार्कीले ६ दिन अगाडि प्रदेश प्रमुख पर्शुराम खापुङलाई ' जानकारी गराएको सम्बन्धमा' भन्दै ती पृष्ठ लामो पत्र हस्तान्तरण गरे । उक्त पत्रको अन्तिममा ५ बुँदा निश्कर्ष निकाल्दै आफ्नो नेतृत्वको सरकार दुईवर्षसम्म हटाउन कसैले नसक्ने जिकिर गरिएको छ ।

पत्रमा प्रदेशसभाबाट गत वैशाख ७ गते पारित संकल्प प्रस्ताव अनुसार प्रदेश प्रमुखले नयाँ सरकार गठनको आह्वान गर्न सक्ने कुनै संवैधानिक आधार र तर्क नरहेको उल्लेख छ । उता, कोशी प्रदेशका प्रदेश प्रमुख पर्शुराम खापुङले नयाँ सरकार गठनको आह्वान गर्ने कि नगर्ने भन्ने विषयमा कानुनी परामर्श गरिरहेको बताइएको छ ।

# एक महिनामा १०१ नेपाली रुस पुगे




झापा(प्रस) । प्रतिबन्धकाबिच एक महिनामा १०१ नेपाली वैदेशिक रोजगारीका लागि रुस पुगेका छन् । चैत महिनामा रोजगारीका लागि १०१ नेपालीले रुस जानका लागि श्रम स्वीकृति लिएका हुन् । त्यस्तै ५ जनाले पुनः श्रम स्वीकृति लिएका छन् ।

वैदेशिक रोजगार विभागका तथ्याङ्क अनुसार चैत महिनामा १०१ नेपालीले संस्थागत श्रम स्वीकृति लिएका हुन् । म्यानपावर व्यवसायीमार्फत उनीहरू रुस पुगिसकेका छन् ।

रुस र युक्रेनबिच युद्धका कारण नेपालीलाई दुवै देशमा जान प्रतिबन्ध छ । प्रतिबन्धकाबिच नेपालीहरू म्यानपावर व्यवसायीमार्फत श्रम स्वीकृति लिएर रुस पुगेका हुन् । विभागले २०८०/०९/१९ गतेदेखि श्रम स्वीकृति दिन स्थगन गरेको थियो । श्रम स्वीकृति रोकिएको कारणबाट रुसमा विभिन्न पेसा व्यवसायी गरी बिदामा नेपाल आएका कामदारहरूको लागि भन्दै २०८०/११/०९ गते पुनः श्रम स्वीकृति सुरू गर्ने निर्णय गरिएको थियो । तत्कालीन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका सचिव केवलप्रसाद भण्डारीले पुनः श्रम स्वीकृति सुचारु गर्ने निर्णय गरेका थिए । त्यही आधारमा ५ जनाले पुनः श्रम स्वीकृति लिएको विभागले जनाएको छ ।

त्यस्तै रूसकै एक कम्पनीमा कामदार पठाउन छनौट भई अन्तिम श्रम स्वीकृति लिन बाँकी रहेका कामदारको हकमा अन्तिम श्रम स्वीकृति प्रदान गर्ने निर्णय समेत गरिएको थियो । २०८०/११/१६ गते सचिव भण्डारीले संस्थागत श्रम स्वीकृति दिने निर्णय गरेका थिए । उक्त निर्णयपछि विभागले १०१ जनालाई श्रम स्वीकृति प्रदान गरेको विभागका महानिर्देशक डण्डुराज घिमिरेले बताए । अहिले श्रम स्वीकृति दिनमा रोक लगाइएको उनको भनाइ छ । श्रम मन्त्रालयले तत्काल रुस र युक्रेनका लागि श्रम स्वीकृति रोक्ने निर्णय गरेको थियो । सोही आधारमा हाललाई रोकिएको घिमिरेले बताए ।




# आयात प्रतिबन्धले आर्थिक कारोबार खुम्चियो

झापा(प्रस) । कोशीका व्यवसायीहरुले आयातमा लगाइएको प्रतिबन्ध पूर्णरुपमा खुला नगर्दा आर्थिक कारोबार खुम्चिनुका साथै अनौपचारिक कारोबार बढेकोले कडाइ गर्न सरकारलाई सुझाव दिएका छन् ।

नेपाल उद्योग वाणिज्य महासंघ कोशी प्रदेशका सदस्य तथा कर तथा राजश्व समितिका सभापति देवकिनन्दन अग्रवालले अर्थ मन्त्रालयको राजश्व परामर्श समितिका सदस्यहरुलाई त्यस्तो सुझाव दिएका हुन् । बजेटको पूर्वसन्ध्यामा समितिले आयोजना गरेको कार्यक्रममा महासंघले बुँदागतरुपमा सुझाव पेश गर्दै अनौपचारिक कारोबार बढेकै कारण सरकारको राजश्वमा वृद्धि हुन नसकेको उल्लेख गरेको हो ।



मुख्यगरी २०७२ साल वैशाख १२ मा गएको भूकम्प र त्यसपछि महामारीको रुपमा आएको कोभिडका कारण लगाइएको आयात प्रतिबन्धले आर्थिक कारोबार खुम्चिन पुगेको महासंघको निश्कर्ष छ ।

महासंघले आन्तरिक राजश्व कार्यालयबाट करदातामाथि अनावश्यक दबाब आउने गरेको भन्दै त्यस्तो व्यवहारमा सुधार आउनु पर्ने सुझाव दिएको छ । अर्थ मन्त्रालयले दिएको लक्ष्य पूरा गर्ने नाममा करदातामाथि अनावश्यक दबाब दिने गरिएको र पछिल्लो समयमा कारोबार नियमन गर्ने कार्यमा महालेखा परीक्षकसमेत थपिँदा व्यवसायीहरुमाथि थप दबाब परेको र महालेखा परीक्षकहरुलाई मनाउनु पर्ने समस्या उत्पन्न भएकोले त्यसमा सुधार गर्न आग्रह गरिएको छ ।

यस्तै प्रत्येक वर्ष स्वदेशी उत्पादनका वस्तुमा अन्तःशुल्क लगाउने प्रवृत्तिले आयातित वस्तुसँग प्रतिस्पर्धा गर्ने क्षमता कमजोर बन्दै गएकोले मदिरा र चुरोट आदिमा बाहेक अन्यमा अन्तःशुल्क खारेज गर्नुपर्ने, राजश्वसम्बन्धी विवाद निवारण गर्ने व्यवस्था गर्नुपर्ने, घरेलु तथा साना व्यवसायीहरुको विकास हुने गरी कर नीति ल्याउनु पर्ने, पटक पटक एउटै करदातालाई फूल अडिटमा पार्ने प्रवृत्तिमा सुधार हुनुपर्ने , ठुला करदाताको राजश्वसम्बन्धी मुद्दाका लागि प्रादेशिक राजश्व न्यायाधीकरणको कार्यालय स्थापना गर्न आग्रह गरिएको छ ।

महासंघले व्यक्तिगत र पारिवारिक आयको छुट सीमालाई एकल व्यक्तिको ८ लाख र दम्पतिको हकमा १० लाखसम्मको आयकर छुट दिन सुझाव दिएको छ ।

यसैगरी आयकर ऐनमा संशोधित आय विवरण पेश गर्दा देखिएको त्रुटी एक वर्षभित्र वा विभागले फाइल खोलेको मितिमध्ये जुन पहिले हुन्छ त्यति अवधि राख्नु पर्ने सुझाव महासंघले दिएको छ ।

यस्तै असुलउपर हुन नसक्ने आसामी अपलेखन सम्बन्धमा किटानी व्यवस्था उल्लेख हुनुपर्ने, औषधी उपचारवापत कर मिलानको सीमा ७५० रुपैयाँ अव्यवहारिक भएकोले सुधार गर्नुपर्ने, दीर्घकालीन लगानीमा मूल्य वृद्धि दरको समायोजनमा भएको व्यवस्थामा सुधार गरी घरजग्गा कारोबारमा दीर्घकालीन लाभ गणना गर्दा खरिद मूल्यमा मूल्यवृद्धि दरको समायोजन गर्नुपर्ने आदि विषयहरुमा महासंघले सुधार गर्न सुझाव दिएको हो ।

यसैगरी व्यवसायिक सामाजिक उत्तरदायित्वअन्तर्गत खर्च भएको रकम सोही आर्थिक वर्षमा मिनाहा नहुने र पछिल्लो वर्ष मिनाहा गर्न कानुनी अस्पष्टताले व्यवसायीहरु दोहोरो मारमा परिरहेकोतर्फ पनि महासंघले ध्यानाकर्षण गराएको छ ।महासंघले मूल्य अभिवृद्धि करसँग सम्बन्धित रहेर पनि विभिन्न सुझावहरु दिएको छ । फिर्ता पाउनु पर्ने भ्याट रकम अरु करमा मिलान गर्ने व्यवस्था मिलाउन, खरिदकर्ताले पेश गरेको प्रमाणको आधारमा भ्याट फिर्ता तथा कर कट्टी गर्ने प्रबन्ध गर्न, ढुवानी सेवामा लगाइएको भ्याट खारेज गर्न सुझाव दिएको छ ।

यससँगै महासंघले निजी क्षेत्रले वेयरहाउस सञ्चालन गर्न पाउने कानुनी व्यवस्था मिलाउन पनि माग गरेको छ । सुझावमा भनिएको छ ‘ अन्य विश्वभरि निजी वेयर हाउस सञ्चालनमा आइरहेको छ तर नेपालमा सो सम्बन्धी कानुन नहुँदा निजी क्षेत्रले संचालन गर्न नपाएको अवस्था रहेकोले कानुन ल्याउनु पर्छ ।’

# सहकारी प्रकरण छानबिनमा ओली–प्रचण्ड सकारात्मक





झापा(प्रस) । सहकारी अनियमितताको छानबिन गर्ने सवालमा सत्तारुढ गठबन्धनका ठुला दल नेकपा एमाले र नेकपा माओवादी केन्द्र ‘यूर्टन’ हुने देखिएको छ । यसअघि गृहमन्त्रीसमेत रहेका राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेमाथि प्रमुख प्रतिपक्ष कांग्रेसबाट छानबिनको माग उठ्दा विपक्षमा देखिएका एमालेका अध्यक्ष केपी शर्मा ओली र प्रधानमन्त्री प्रचण्ड पछिल्लो समयमा भने यूटर्न हुँदै समग्र सहकारी क्षेत्रमा देखिएको बेथितिविरुद्ध उच्चस्तरीय संसदीय छानबिन समिति बनाउन सकारात्मक बनेका हुन् ।

यद्यपि रास्वपाले भने अहिले नै त्यसबारे कुनै धारणा बनिनसकेको जनाएको छ । यसअघि संसद्को हिउँदे अधिवेशनमा नेपाली कांग्रेसले सहकारी प्रकरणमा गृहमन्त्री लामिछानेसमेत जोडिएको भन्दै उनीमाथि छानबिनको मागसहित संसद् अवरोध गरेको थियो । कांग्रेसले सोही माग राखेर लगातार संसद् अवरोध गर्दा पनि एमाले लगायत सत्ता साझेदार दलले कांग्रेसको माग राजनीतिक प्रतिशोधपूर्ण भएको भन्दै छानबिन समिति गठन गर्न नसकिने जवाफ दिँदै आएका थिए ।

तर, वर्षे अधिवेशनमा समेत कांग्रेसले सोही माग अघि सारेर संसद् बैठक चल्न नदिने रणनीति अख्तियार गरेको सुइँको पाएपछि माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री प्रचण्ड एमाले अध्यक्ष ओलीसँग परामर्श गरेर छानबिन समिति बनाएरै भएपनि समस्या समाधान गर्न अग्रसर भएका हुन् ।

सत्ता गठबन्धनका नेताहरूसँगको छलफलका आधारमा प्रधानमन्त्री प्रचण्डले शनिबार पार्टीको संसदीय दलको बैठकमै सहकारी समस्या समाधान गर्न उच्चस्तरीय संसदीय छानबिन समिति बनाउनुपर्ने अवस्था आएको सांसदहरुलाई ब्रिफिङ गरेका थिए । प्रधानमन्त्रीको यस्तो ब्रिफिङसँगै सत्ता गठबन्धन यसअघिको अडानबाट पछि हट्न तयार भएको हो ।

माओवादी केन्द्रका सांसद लेखनाथ दाहालले सहकारीको विषयमा उत्पन्न समस्या समग्रमा समाधान गर्न सरकार केन्द्रित भएको र प्रधानमन्त्रीले समेत सोही कुराको दलको बैठकमा ब्रिफिङ गरेको बताए । ‘कुनै मन्त्री, सांसद वा नेतालाई मात्र लक्षित गरी नभई समग्र समस्या समाधान गर्ने गरी अघि बढ्न सकिने प्रधानमन्त्रीको भनाइ छ’, दाहालले प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै भने, ‘सहकारीको समग्र समस्या समाधान गर्नुपर्छ । सहकारीको नाममा ठगी गर्नेलाई छुट दिन सकिँदैन । कानुनी दायरामा ल्याउनुपर्छ र पीडितहरूको रकम उनीहरूबाटै फिर्ता गर्नुपर्छ भनेर हामीले पहिला पनि भनेका हौँ ।’

सांसद दाहालले यसबारेमा सत्तारुढ दलहरूका बिचमा मोटामोटी कुरा भैसकेको भन्दै कांग्रेससँग पनि चाँडै छलफल गर्ने तयारी रहेको बताए । ‘प्रमुख प्रतिपक्ष कांग्रेससँग पनि छलफल हुन्छ । बजेट अधिवेशन अघि नै समस्या समाधानको प्रयास हुन्छ’, दाहालको भनाइ छ ।

उनले यसअघि नेपाली कांग्रेसले विशुद्ध रवि लामिछानेसँगमात्र केन्द्रित रहेर माग अघि सारेकाले समस्या जटिल बनेको बताए ।

‘रवि लामिछानेलाई मात्र केन्द्रित गरेर गठबन्धन भत्काउने उद्देश्यअनुरूप कांग्रेसको माग भएकाले यसअघि हामीले कांग्रेसको माग अस्वीकार गरेको हो’, दाहालले भने, ‘समग्र सहकारी ठगहरूलाई कानुनको दायरामा ल्याउने प्रक्रियामा रवि लामिछाने पनि आउन सक्छन् ।’

उनले सहकारीमा ठगिएका नागरिकलाई न्याय दिलाउने काम सरकारको दायित्व भएको पनि बताए ।

‘नेपाली कांग्रेसको सत्ता गिराउने खेल नभई उच्चस्तरीय छानबिन समिति गठन गर्ने र न्याय निरूपण गर्ने इमानदार माग हो भने अव कांग्रेस यसमा सहमत हुनुपर्छ । यदि सहमत नभए उसको यो बहाना मात्र हो भन्ने बुझ्न सकिन्छ’, दाहालको भनाइ छ ।

अर्को सत्तारुढ दल नेकपा एमालेले पनि सहकारी समस्या समाधान गर्न उच्चस्तरीय संसदीय छानबिन समिति गठन गर्ने प्रधानमन्त्रीको तयारीलाई सकारात्मक लिएको छ ।

एमाले स्थायी कमिटी सदस्य तथा पार्टी प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले समिति गठन गरेर समस्या समाधान गर्न गरेको तयारीलाई एमालेले सकारात्मक रूपमा लिएको बताए । समिति गठन गर्ने कुरा प्रधानमन्त्रीको जिम्मेवारीको कुरा हो । हामीले केही भन्नै पर्दैन’, गौतमको भनाइ छ यसअघि एमालेले सहकारीको बेतिथिमा गृहमन्त्री रवि लामिछानेमाथि मात्र केन्द्रित गरेर छानबिन समिति बनाउन नहुने धारणा राख्दै आएको थियो ।

‘माननीय गृहमन्त्रीलाई मात्र केन्द्रमा राखेर सहकारी जोडेर छानबिन गर्दा समग्र सहकारीभित्रको समस्या समाधान हुन सक्दैन भनेको मात्रै हो’, गौतमले भने, ‘पार्लियामेन्टको छानबिन समिति त्यतिमात्र सीमित गर्नुभएन ।’

नेता गौतमले समग्र सहकारीको वेथितिको छानबिन हुनुपर्छ भन्ने कुरामा एमाले अवरोधका रूपमा नउभिने बताए । ‘समग्र सहकारीभित्र रहेका बेथितिहरूको छानबिन गर्ने कुरामा हामीले कहाँ अवरोध गरेका छौ र ?’,गौतमको प्रश्न छ ।

देशभर झन्डै पाँच सय सहकारी समस्याग्रस्त छन् । सर्वसाधारणले सहकारीमा जम्मा गरेको रकम हिनामिना गर्नेमा विभिन्न पार्टीका नेता कायकर्तासमेत संलग्न रहेका तथ्यहरू सार्वजनिक हुँदै आएका छन् । कतिपयको हकमा नामै किटान गरेर जाहेरी पर्दा समेत सरकार र राजनीतिक दलहरूले सहकारी पीडितको समस्या समाधान गर्न इमानदारिता नदेखाएको गुनासो बढ्दै गएको छ ।

यसैबीच रास्वपाले प्रधानमन्त्री प्रचण्ड सहकारी छानबिन समिति गठनप्रति सकारात्मक रहँदा सरकारमै रहेको राष्ट्रिय स्वतन्त्र पार्टी रास्वपाले भने यसबारे अहिले नै कुनै प्रतिक्रिया नदिने जनाएको छ । रास्वपाका सहप्रवक्ता समेत रहेका नेता मनिष झाले मंगलबार बस्ने पार्टी संसदीय दलको बैठकमा छलफल भएपछि मात्र यसबारे प्रतिक्रिया दिने बताए ।

‘मंगलबार बिहान संसदीय दलको बैठक छ त्यो बैठकमा छलफल हुनसक्छ’, झाले भने, ‘ त्यो बैठकमा आगामी संसदीय अभ्यासमा अरू दलको प्रस्तुति कस्तो रहन्छ हामी कसरी प्रस्तुत हुने भन्ने छलफल होला ।’

छानबिन समिति गठन गर्ने प्रधानमन्त्रीको संकेतप्रति रास्वपाको धारणा के हो ? भन्ने प्रश्नमा झाले अहिले केही नभएको बताए । भने, ‘अहिले त्यसबारे हाम्रो कुनै धारणा बनिसकेको छैन ।’

रास्वपाका सभापति लामिछानेलाई छानबिन समिति गठनको विषयमा मनाउनका लागि एमाले अध्यक्ष केपी शर्मा ओलीले संवाद गरिरहेको स्रोतको भनाइ छ । त्यसका लागि गृहमन्त्री छाड्नुपर्ने अवस्थामा पनि तयार हुन ओलीले रविलाई आग्रह गरेको बताइएको छ ।

ओलीसँग भएको संवादलगायतका समग्र विषयमा मंगलबारको बैठकमा ठोस छलफल हुने रास्वपा स्रोतको भनाइ छ ।

यस्तै नेपाली कांग्रेसले भने वैशाख २७ गते बस्ने संसदीय दलको बैठकले ठोस निर्णय गर्ने प्रमुख सचेतक रमेश लेखकले बताए । यद्यपि कांग्रेसले गृहमन्त्री लामिछानेमाथि छानबिन हुनुपर्ने विषयलाई बटमलाइन बनाएको छ ।

### झापाका...

८५ प्रतिशत ,बाह्रदशी र गौरादहले ८३-८३ प्रतिशत , बिर्तामोडले ८२ प्रतिशत , मेचीनगरले ८१ प्रतिशत , झापा र कचनकवलले ८०-८० प्रतिशत , शिवसताक्षीले ७१ प्रतिशत , भद्रपुरले ५३ प्रतिशत , अर्जुनधाराले ५० प्रतिशत र कन्काईले ४६ प्रतिशतलाई हात्तीपाइलेको औषधि खुवाएका थिए । यस वर्ष झापासहित सात जिल्लामा बैशाख १६ देखि बैशाख ३० गतेसम्म आम औषधि खुवाउने कार्यक्रम जारी रहेको छ । झापामा विगत १३ वर्षदेखि हात्तीपाइलेको औषधि खुवाउने अभियान जारी छ । डर त्रासका कारण अधिकांशले औषधि सेवन नगर्दा जिल्लामा अभियान सफल नभएको हो । यस पटक अन्तिम अभियान बनाउन पालिकाका जनप्रतिनिधिसहित सरोकारवाला पक्ष सबै लागिपरेको स्वास्थ्य कार्यालय झापाले जनाएको छ । गर्भवती महिला, सिकिस्त बिरामी र दुई वर्ष मुनिका बालबालिकाबाहेक जिल्लामा साढे ९ लाख जनालाई औषधि खुवाउने लक्ष्य राखिएको छ । जिल्लामा अघिल्लो वर्ष ७७.६५ ले मात्र औषधि खाएका थिए । यस पटक अभियानलाई सफल बनाउन भद्रपुर, कनकाईसहित केही पालिकाहरूले हात्तीपाइले कार्ड नै जारी गरेका छन् । औषधि खाएका व्यक्तिले कार्ड लिनुपर्ने हुन्छ । कार्ड लिएर पालिकामा गए मात्र सेवा सुविधा पाउने निर्णय गरिएको छ ।


## हात्तीपाइले रोग विरुद्धको औषधी खुवाउने बारे बिर्तामोड नगरपालिकाको अत्यन्त जरुरी सूचना

यस बिर्तामोड नगरपालिका अन्तर्गतका १० वटै वडाहरूमा यही मिति २०८१ साल वैशाख १६ गतेदेखि हात्तीपाइले रोग विरुद्धको औषधी तालिम प्राप्त स्वास्थ्यकर्मीद्वारा सेवन गराइने व्यहोरा सम्पूर्ण नगरबासीहरूमा जानकारी गराइन्छ । यो अभियान २०८१ वैशाख २५ गतेसम्म सञ्चालन हुने भएकोले उक्त औषधी आफूले सेवन गरी आफ्नो परिवारलाई समेत सेवन गराई जनस्वास्थ्य समस्याको रूपमा रहेको हात्तीपाइले रोगबाट हुने अपाङ्गताबाट बच्न तथा बचाउनु हुन सबैमा हार्दिक अनुरोध छ ।

**हात्तीपाइले रोगका लक्षणहरू**



- ज्वरो आउने
- शरीरमा कम्पन हुने
- लिम्फनलीहरू सुन्निने र रातो भई दुख्ने
- हातखुट्टामा निला धर्साहरू देखिने
- शरीरका विभिन्न भागमा गिर्खाहरू बढ्ने तथा पुरूषको अण्डकोष वरपर नसाहरू फुल्ने
- पुरूषमा अण्डकोष ठुलो भई हाइड्रोसिल हुने
- महिलामा यौनाङ्ग तथा स्तन सुन्निने र दुख्ने
- खुट्टाहरू सुन्निएर हात्तीपाइले हुने
- पिसाब सेतो वा रातो आउने
- लामो समयसम्म सुख्खा खोकी लागिरहने
- दम बढ्ने तथा रगतमा इसिनोफिलिया बढ्ने आदि ।

दुई वर्ष मुनिका बालबालिकाहरू, गर्भवती महिला तथा सात दिनभित्रका सुत्केरीहरू र ओच्छ्यान लागेका सिकिस्त बिरामीहरूबाहेक सबैले यस रोगबाट उत्पन्न हुने समस्याहरूबाट छुटकारा पाउन अनिवार्य रूपमा यो औषधी सेवन गर्न सकिने कुरा जानकारी गराइन्छ ।

बिर्तामोड नगरपालिका
स्वास्थ्य शाखा
झापा, कोशी प्रदेश, नेपाल



प्रदेश सरकार
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय झापा
कोशी प्रदेश, भद्रपुर, नेपाल

## प्रेस विज्ञप्ती

सन् २०३० सम्म नेपालबाट हात्तीपाइले रोग निवारण गर्ने राष्ट्रिय लक्ष्यका साथ प्रमुख रणनीतिको रुपमा आम औषधि सेवन अभियान यस वर्ष २०८१ बैशाख १६ देखि २ हप्ता सम्मका लागि नेपालका ७ जिल्लाहरु सहित झापा जिल्ला भरिका करीब १० लाख जनसंख्यालाई लक्षित गरी औषधि खुवाउने अभियान संचालन भईरहेको छ। उक्त अभियानको सातौं दिनसम्म आईपुग्दा ५,२२,४२८ जना (करिब ५२%) झापा जिल्लाका नागरिकले औषधि सेवन गरिसकेका छन्।यस अभियानमा उत्साहका साथ निरन्तर रुपले सहभागी भई योगदान गरिरहनु भएका स्वास्थ्यकर्मी, जनप्रतिनिधि, समाजसेवी, बुद्धिजीवि, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत सम्पूर्ण जनसमुदायमा स्वास्थ्य कार्यालय झापा कृतज्ञता एवम् आभार व्यक्त गर्दछ। सन् २०१२ देखि झापा जिल्लामा शुरुवात भएको आम औषधि सेवनको परिणाम स्वरूप हात्तीपाइले रोगको समुदाय स्तरको संक्रमण दर उल्लेख्य रुपमा घटेको पाईएको छ। यस अभियानमा खुवाइने औषधिहरु आइभरमेक्टिन, डाइथाइल कार्बामाजिन र अल्बेन्डाजोल अत्यन्तै प्रभावकारी र सुरक्षित छन्। औषधिको सेवन पश्चात कहिले काहीं सामान्य खालको अवान्छित असरहरु जस्तै : ज्वरो आउने, टाउको दुख्ने, चक्कर लाग्ने, वाक वाक लाग्ने,बान्ता हुने लगायतका असरहरु देखिएपनि बिस्तारै ठिक हुदै जान्छ। यसका लागि झापा जिल्लामा औषधिको प्रति असर व्यवस्थापन तथा जाँचपड्तालका लागि चिकित्सक सहितको बिशेष मेडिकल टिम (Severe Adverse Events Management and Investigation Team) समेत बनाईएको छ। त्यसैले स्वास्थ्य कार्यालय झापा औषधि खान छुटेका आम जनसमुदायमा अभियानका बाँकी दिनहरुमा थप उर्जा ,उत्साह र संशय रहित वातावरणमा ढुक्क भएर औषधि सेवन गर्न हार्दिक अपिल गर्दछ।

यसै सन्दर्भमा केहि संचार माध्यमहरुमा झापा जिल्लाको भद्रपुर नगरपालिका १ मा अभियानको क्रममा भएको घटनालाई लिएर प्रकाशित समाचारहरुमा यस कार्यालयको ध्यानाकर्षण भएको छ। उक्त घटनाको प्रारम्भिक परीक्षणमा औषधिको प्रति असरको कुनै पनि संकेत नदेखिएको र थप बिशेष अनुसन्धानको क्रममा रहेकोले अनुसन्धान पश्चात सोको बिस्तृत जानकारी आम नागरिक सम्म पुर्याउन हामी प्रतिबद्ध छौं। त्यसैले नकारात्मक टिका टिप्पणीहरुको पछाडि नलागी आम औषधि सेवनबाट पाइने फाईदाहरु सम्बन्धि व्यापक प्रचार प्रसार गर्दै अभियानको बाँकी दिनहरुमा थप सशक्त भएर अभियानलाई संचालन तथा सहयोग गरि दिनु हुन स्वास्थ्य कार्यालय झापा सम्पूर्ण स्वास्थ्य कर्मी, जनप्रतिनिधि, सरोकारवाला तथा नागरिकहरुमा हार्दिक आह्वान गर्दछ।

रमेश बाह्रकोटी
बरिष्ठ जनस्वास्थ्य अधिकृत



## हात्तीपाईले रोग बिरुद्धको औषधि खाने अभियानबारे सूचना

नेपालमा जनस्वास्थ्य समस्याको रुपमा रहेको हात्तीपाईले रोगले मानिसलाई सधैंका लागि अशक्त, अपाङ्गता र कुरुप बनाउँदछ ।त्यसैले हात्तीपाईले रोग लाग्न नदिन यो औषधि खानु बाहेक अरु बिकल्प छैन ।हात्तीपाईले रोग निवारणका लागि २०८१ बैशाखदेखि यस रोग बिरुद्धको औषधि खुवाउनका लागि स्वास्थ्यकर्मीहरु हरेक घर घरमा आउँदै हुनुहुन्छ ।यस अभियानमा खुवाईने औषधिहरु पूर्ण रुपमा सुरक्षित र प्रभावकारी छन् ।त्यसैले हामी सबैले अभियानको बेलामा औषधि खाउँ अनि परिवार र छिमेकीलाई पनि खान प्रोत्साहन गरौं। हात्तीपाईले रोगमुक्त समाजको निर्माण गरौं।

स्वास्थ्य कार्यालय झापा



## वन डढेलो नियन्त्रण सम्बन्धी डिभिजन वन कार्यालय झापाको सूचना

वन र वन्यजन्तु प्रकृतिका अमूल्य उपहार हुन्, यसको संरक्षण गर्नु हामी सबैको साझा दायित्व हो। झापा जिल्ला न्यून वन क्षेत्र तथा धेरै जनसंख्या भएको जिल्ला हो। यस जिल्लाको वन क्षेत्र कम सँगसँगै स-साना खण्डहरूमा बाँडिएर रहेका छन् भने प्रायःजसो सबै वन क्षेत्रहरू घना बस्तीले घेरिएर रहेका छन्।

सुख्खा तथा हावाहुरी लाग्ने मौसमको सुरूवातसँगै वन डढेलोको जोखिम पनि बढेको छ। बनमा डढेलो लागिसकेपछि नियन्त्रण गर्न निकै कठिन हुन्छ साथै वन डढेलोले वन तथा वन्यजन्तुको अतुलनीय क्षति समेत गर्दछ।

वन डढेलो लाग्न नदिन,

- वन क्षेत्रमा बलेको सलाईको काँटी, चुरोट, कोइला नफालौं।
- खेत, आवादी क्षेत्रमा आगो लगाउँदा नजिकैको जंगलमा आगो नसल्कियोस् भन्ने कुरामा ध्यान दिऔं, हुरी बतासको समयमा आगो नलगाऔं।
- जानी जानी वा व्यक्तिगत रिसिईबीको कारण वनमा आगो नलगाऔं।
- स्वार्थवश वनमा घाँसको लागि आगो नलगाऔं।
- सामुदायिक वन उपभोक्ता समूहले सुख्खा मौसममा नियमित वनको निगरानी बढाऔं, आवश्यकता अनुसार वन प्रवेशमा बन्देज लगाऔं, स्रोत साधनसहितको डढेलो नियन्त्रणका लागि युवा दस्ता गठन गरि परिचालन गरौं ,अग्नी रेखा सरसफाई गरौं तथा स्थानीय स्तरमा विभिन्न जनचेतनामुलक प्रचारप्रसार कार्यक्रम राखौ।
- आगो लागेको सूचना तत्काल वन कर्मचारी, प्रहरी, वन समूह, स्थानीय तहलाई दिऔं तथा डढेलो नियन्त्रणमा आफ्नो अमूल्य सहयोग प्रदान गर्नु होस्।

स्वच्छ हावापानी र स्वस्थ्य जनजीवनको लागि वन र वन्यजन्तु अपरिहार्य छ। वन र वन्यजन्तुको संरक्षण हाम्रो लागि नै हो।

तपाई हाम्रो एक आपसको सहयोगले ठुलो मात्रामा हुन सक्ने प्राकृतिक तथा मानवीय क्षति टार्न सक्छौ। त्यसैले वन डढेलोबाट वन जंगल र वन्यजन्तु जोगाउने हाम्रो यो अभियानमा सबै जना सहभागी बनौ।

डिभिजन वन कार्यालय, झापा सम्पर्कः ०२३४५२०५३, ९८५२६५५१८९


नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

### खडेरीको मार

लामो समयदेखि पानी नपरेका कारण पूर्वी नेपालमा खडेरी परेको छ ।कृषि उत्पादन घट्नुको प्रत्यक्ष असर समग्र आर्थिक वृद्धिमा पर्छ। आर्थिक संकटले थलिएको अर्थतन्त्र खडेरीको मारमा परेको छ।यसले आगामी आर्थिक वर्षको आर्थिक वृद्धिदरमा पनि कमी ल्याउने देखिन्छ। गत वर्षभन्दा यो वर्ष खडेरी लम्बिँदा पानी चाहिने मौसममा अधिकांश मुहानसमेत सुकेर देशभरका किसानले सिँचाइ गर्न सकेका छैनन्। पानी नपर्दा कतिपय किसानले बाली लगाउनै पाएका छैनन् भने रोपेका बालीनाली सुकेर नष्ट भएका छन्। किसानले रोपेको मकै सुक्न थालिसकेका छन् भने धानको बीउ राख्न सकिरहेका छैनन् । खडेरीले कृषि उपजको उत्पादनमा ठूलो गिरावट आउँदा गरिबीको रेखामुनि रहेका किसानको बिचल्ली भएको छ। उनीहरु थप गरिबीको रेखामुनि पर्ने भएका छन् । ठूलो खडेरीका कारण किसानले लगाएको मकै, हिउँदे धान, तरकारी बालीअन्तर्गत टमाटर, काउली, बोडी, आँप, लिचीलगायत बालीमा सबैभन्दा बढी असर पुर्याएको छ। त्यसै त निर्वाहमुखी कृषिमा भर परेका नेपाली किसानलाई खडेरीले कृषिबाट झन् विमुख गराउने सम्भावना उस्तै छ। यसो भयो भने झन् आगामी वर्ष कृषि उपजको आयात बढ्न जाने पक्का छ। यस वर्ष उत्पादन घटेपछि अर्बौंको खाद्यान्न आयात गर्नुपर्ने हुन्छ र त्यसले व्यापार घाटा झन् बढ्न जान्छ। चर्को व्यापार घाटा घटाउन मद्दत गर्नसक्ने नेपालको प्रतिस्पर्धा क्षमता भएको भनिएको कृषिउपज नै आयात गर्नुपर्ने भएपछि व्यापार घाटा भयावह रुपमा बढ्ने पक्का छ।सरकारले कृषिलाई प्राथमिकता क्षेत्रमा राखेको दाबी गरे पनि प्रत्येक वर्ष किसानले खेतिपाती गर्ने मौसममा आकाशे पानीको भर पर्नुपरेको अवस्थाप्रति सरकार बेखबर पक्कै छैन। तर, आगामी आर्थिक वर्षको बजेटको तयारी गरिरहेको सरकारलाई बजेटमार्फत किसानका समस्या समाधान गर्न केहीले पनि छेकेको छैन। आकाशे पानीको विकल्प सरकारले किसानलाई के र कसरी दिन्छ, त्यसले यस सरकारको किसानप्रतिको धारणा स्पष्ट हुनेछ। सरकारले कहिल्यै दीर्घकालीन विकल्प नसोचेका कारण किसानले दुःख पाएका हुन्। नदीनालाको धनी मुलुकले सिँचाइ क्षेत्रको विकासमा जोड दिएको भए कम्तीमा सुख्खाबाट जोगिने बलियो विकल्प हुने थियो।

Pratidin National Daily
प्रतिदिन



तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै

ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# गरिबी निवारण विमर्श



• डा. शान्तिकृष्ण अधिकारी

मेरो छिमेकमा २२/२५ वर्षका दम्पती डेरा गरी बस्थे । उनीहरूको डेढ दुई वर्षको एक छोरा पनि थिए । श्रीमान् बिहानै कालीमाटीतिर दौडिन्थे र त्यहाँबाट तरकारी ल्याउँथे । उनले तरकारी ल्याउँदासम्ममा श्रीमतीले खाना तयार पार्थिन् । श्रीमान् फर्केपछि दुवै जना मिलेर गाडामा तरकारी मिलाएर गाडा ठेल्दै बेच्न निस्कन्थे । सानो छोरालाई पनि गाडामै राखेर सडकमा जान्थे । परिवार अति खुसी देखिन्थ्यो । यसैबिचमा काठमाडौँ महानगरका नगर प्रहरीले तीन पटक उनको गाडा खोसेर ट्रकमा हाली लगे । दुई पटकसम्म त अर्को गाडा बनाउँदै जीवन धान्ने प्रयास गरे ।

तर तेस्रो पटक पछि भने उनीहरूले गर्दै आएको व्यापार छाडे । अहिले उनीहरूको आर्थिक अवस्था के छ भन्ने पनि थाहा छैन र जीवन निर्वाहका लागि के गर्दै छन् भन्ने पनि थाहा छैन । सडकमा व्यापार गर्न पाइन्छ कि पाइँदैन भन्नेमा तर्क वितर्क आआफ्नै तरिकाले गर्न सकिएला तर राज्यले पर्याप्त रोजगारी र स्वरोजगारको व्यवस्था वा सडक व्यापारीलाई वैकल्पिक व्यवस्था गर्न नसक्दासम्म भने यस्ता क्रियाकलापले अझ बढी समस्या उत्पन्न गर्ने रहेछ ।

गरिब उन्मूलनको लक्ष्य राख्ने हो भने सहज छ । लखेटे पुग्छ । काम गरेर खान नदिए हुन्छ । सक्नेहरू बाध्य भएर बिदेसिन्छन् । नसक्नेहरू कतिले आत्महत्या गर्लान् । कोही नदीमा हाम फाल्लान् वा कोही झुन्डिएलान् । कोही कोही रोग र भोकले त्यसै मर्लान् पनि । कतिपय आधा पेट खाएर सन्ततिलाई नाङ्गै बुङ्गै हुर्काउन बाध्य होलान् तर राज्यको लक्ष्य पक्कै यस्तो हुनु हुँदैन । राज्यले त गरिबलाई ससम्मान माथि उठ्ने अवसर प्रदान गर्दै मुलुकबाट गरिबी निवारण गर्ने प्रयत्न गर्नु पर्छ, जसले मुलुकलाई विश्वसामु एक समृद्ध राष्ट्रका रूपमा परिचित बनाउन सकोस् ।

मुलुकबाट गरिबी र गरिब दुवै उन्मूलन गर्ने नै जुनसुकै राष्ट्रको लक्ष्य हुनु पर्छ । गरिबी निवारण कठिन विषय हो भने गरिब उन्मूलन सजिलो बाटो हो । काठमाडौँ महानगरले अपनाएको नीतिलाई अझ बढी कठोरताका साथ अपनाउँदै जाने हो भने काठमाडौँमा गरिब बस्न सक्ने अवस्थै आउँदैन र स्वतः उन्मूलन हुँदै जान्छ तर ती गरिबलाई माथि उकास्ने प्रयत्न गर्ने हो भने सबैको आर्थिक अवस्था सुधार्न महानगरले पनि विशेष योजना ल्याउन सक्नु पर्छ र समय पनि लामो लाग्छ । मुलुकका लागि पनि गरिबी निवारण गर्न निश्चय नै सहज हुँदैन र अझ हाम्रो जस्तो वैदेशिक ऋण र अनुदानमा भर पर्ने मुलुकका लागि त झन् कठिन हुन्छ नै ।

नेपाल अल्पविकसित राष्ट्रबाट विकासोन्मुख राष्ट्रमा उक्लने प्रयास गर्दै छ । अन्यथा परि स्थिति केही नभएमा आगामी एक वर्षभित्रैमा नेपाल विकासशील मुलुक हुने छ । मुलुक र मुलुकवासीले अल्पविकसित या विकासोन्मुख जे भने पनि तात्त्विक भिन्नताको कुनै अनुभव गर्न पाएका छैनन् तर यसले अन्तर्राष्ट्रिय सहयोगको भूमिकामा भने परिवर्तन ल्याउने नै छ । विश्वका मुलुकको सूची तयार गर्दा सम्पन्नताका हिसाबले नेपालको अनुक्रम केही माथि उक्लेला तर नेपाली जनताको अवस्था र आर्थिक हैसियतमा भने कुनै असर पार्दैन । बरु सरकारले नागरिकका समस्या सम्बोधन गर्न केही कठिन अवस्था आउन पनि सक्छ तर नेपाली जनताले भोग्दै आएको गरिबी निवारणमा शाब्दिक परिवर्तनले कुनै असर गर्ला जस्तो कसैले ठानेको छैन ।

राष्ट्रिय योजना आयोगले प्रत्येक वर्ष गरिबी निवारणको योजना बनाउँछ । प्रत्येक पञ्चवर्षीय योजनामा गरिबी झार्ने योजना बनाइन्छ र लक्ष्य निर्धारण गरिन्छ । नेपालले निर्धारण गरेको लक्ष्य आजसम्म पूरा गरेको देख्न पाइएको छैन । गरिबी निर्धारण गर्ने सूचकहरू बारम्बार परिवर्तन गर्ने गरिन्छ र नेपालको वास्तविक स्थिति के हो भन्ने जानकारी पाउन पनि मुस्किल नै पर्छ । यद्यपि सरकारले नै जारी गरेका सूचनाहरूबाट नेपाल आजसम्म पनि गरिबीबाट मुक्त हुन सकेको छैन र यही गतिमा अगाडि बढ्दै जाँदा सन्तोषजनक प्रतिफल शीघ्रातिशीघ्र प्राप्त हुने अपेक्षा गर्न पनि सकिँदैन । वर्तमान समयमा नेपालको सबैभन्दा ठुलो चुनौती नै गरिबी निवारण हो तर पछिल्ला समयमा गठित सरकारका योजना तथा कार्यक्रमहरूले सकारात्मक सन्देश प्रवाह गर्न सकेका छैनन् । यद्यपि विगतदेखिका तथ्याङ्क हेर्दा गरिबी निवारणमा नेपालले फड्को मार्दै गएको छ । राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार सन् २०२२-२३ मा नेपालको २०.२७ प्रतिशत जनसङ्ख्या गरिबीको रेखामुनि रहेको छ । विसं २०१०-११ मा २५.१६ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका थिए । सबैभन्दा बढी सुदूरपश्चिम प्रदेशमा ३४.१६ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका छन् भने यसमा गण्डकी प्रदेश सबैभन्दा अगाडि रहेको छ । यो प्रदेशका ११.८८ प्रतिशत नागरिक मात्रै गरिबीको रेखामुनि बस्न बाध्य छन् । यस दृष्टिले हेर्दा सहरीभन्दा ग्रामीण क्षेत्र पिछडिएको छ । सहरी क्षेत्रका १८.३४ प्रतिशत र ग्रामीण क्षेत्रका २४.६६ प्रतिशत जनता गरिबीको रेखामुनि जीवन धानिरहेका छन् । यो अवधिमा गरिबीको रेखामुनि रहने जनताको प्रतिशत १५ मा झार्ने भनिएको थियो तर त्यो लक्ष्य पूरा हुन सकेको देखिँदैन । सन् २०१०-११ मा प्रतिव्यक्ति प्रतिवर्ष १९ हजार दुई सय ६१ उपभोगमा खर्च गर्नुलाई आधार बनाइएको थियो । त्यति रकम खर्चिन सक्नेहरूलाई गरिबीको रेखामाथि राखिएको थियो । मुद्रास्फीति, महँगी आदिलाई मध्यनजर गर्दै यस पटक प्रति व्यक्ति प्रति वर्ष रु. ७२ हजार ९०८ लाई आधार मानिएको छ । नेपालीले खाद्य तथा अन्य उपभोग्य सामग्रीमा सन् २०२३ मा औसत एक लाख २६ हजार १७२ रुपियाँ खर्च गरेको आँकडाले देखाएको छ । यो औसत दर खर्च गर्न नसक्नेको सङ्ख्या अझै ठुलै छ जब कि यही औसत दर पनि सामान्य दृष्टिले पर्याप्त मान्न सकिन्न । सन् २०११ मा भने ७५ हजार ९०२ रुपियाँ खर्च गर्ने गर्दथे । यो खर्च १२ वर्षका बिचमा ६६ प्रतिशतले वृद्धि हो ।

नेपालमा गरिबी निवारणमा केही हुँदै नभएको भने होइन । पहिलो पटक गरिबीसम्बन्धी गणना सन् १९९५/९६ मा गरिएको थियो । सो वर्ष नेपालमा ४२ प्रतिशत जनता गरिबीको रेखामुनि रहेका थिए भने सन् २००३/४ मा आइपुग्दा ३१ प्रतिशतमा झरेको थियो । गरिबीको रेखामुनि रहेका नागरिकको सङ्ख्या क्रमैले घट्दै जाँदा अहिले आएर २० प्रतिशत हुनुलाई नराम्रै भन्न त मिल्दैन तर जबसम्म यो कायम रहन्छ तबसम्म सन्तोषको श्वास लिन पनि मिल्दैन । आफैँले राखेको लक्ष्य भेट्न नसक्नुलाई कमजोरी ठान्दै लक्ष्यप्राप्ति नहुनुका कारण केलाएर निकट भविष्यमै समृद्ध नेपाल बनाउने प्रयास सरकारले गर्नु पर्छ ।

नेपाल विशेषतः विप्रेषणमा भर पर्नुले दिगो विकास हुन सकेको छैन । घरको एक जना विदेश जाने र उसले पठाएको रकमले आयातित सामग्रीमा खर्च गर्ने प्रवृत्ति मात्रै बढ्दै गएको हुनाले गरिबी निवारणमा ठोस योगदान हुन सकेको छैन । सरकारी संयन्त्र पनि दिगो रूपमा संस्थागत हुन सकेको पाइँदैन । गरिबी निवारणका नाममा कहिले गरिब पहिचान समिति, कहिले गरिबी निवारण समिति, कहिले गरिबसँग विश्वेश्वर जस्ता कार्यक्रम आउने तर ठोस कार्यक्रम, नीति र योजना दीर्घकालसम्म कार्यान्वयनमा नआउनुले पनि गरिबी निवारणमा चाहे जस्तो सफलता हासिल हुन सकेको छैन । जुनसुकै दलको सरकार आए पनि गरिबी निवारणमा एउटै योजना लागु गर्ने र यसलाई राज्यको प्राथमिकतामा पार्ने बानी बसाल्न सके त्यति कठिन पनि हुँदैन ।

नेपालको संविधानले नै समाजवादलाई अङ्गीकार गरेको छ । समाजवाद भनेका आर्थिक समानता र राजनीतिक समानता हो । जबसम्म सबै नागरिक राजनीतिक रूपमा समान अधिकार उपभोग गर्न पाउने अवस्थामा पुग्दैनन् र आर्थिक क्रियाकलापका लागि सबैमा बराबर अधिकार रहन्न, तबसम्म समाजवाद भनेको संविधानमा लेखिए पनि कागजको खोस्टामा मात्रै सीमित रहेको जस्तो हुन्छ । गरिब र गरिबी रहँदासम्म मुलुकमा समाजवाद छ भनेर भन्न पनि मिल्ला जस्तो लाग्दैन । त्यसैले संविधानको मर्मलाई साकार पार्न पनि गरिबी निवारण अति जरुरी छ । समाजवाद ल्याउने भनेर सबैका फुसका घर बनाउने नीति होइन कि सबैका पक्की घर बन्ने अवस्था निर्माण गर्नु पर्छ ।

काम नगर्ने भोकै मर्ला । शारीरिक रूपले सक्षम श्रम गर्न अग्रसर भएनन् भने तिनको जिम्मा राज्यले लिएर पनि समस्या समाधान गर्न नसकिएला तर अवसर खोजेकाहरूलाई अवसर प्रदान गर्न भने राज्य तयार हुने अवस्था आउनै पर्छ । मानसिक रूपमा मात्रै सक्षमहरूका लागि उनीहरूकै क्षमताका आधारमा काम गर्ने वातावरण तयार गर्नै पर्छ । गरिखाने वातावरण राज्यले निर्माण गर्ने र गरिखान सक्नेहरू काम गर्न तयार हुने हो भने मुलुकबाट गरिबी पनि हट्छ र गरिब पनि रहँदैनन् । मुख्य रूपमा सरकार नै तयार हुनु पर्छ । सरकारको नीति तथा कार्यक्रम आउँदै छ, अवश्यै यतापट्टि ध्यान जाला नै ।

# कागजको प्रयोग कि दुरुपयोग !



• रामचन्द्र अधिकारी

३१ वर्षअघि कक्षा ८ मा पढ्दा आठ वटामध्ये पाँच वटा पुराना किताब मैले पढेँ । त्यसमा गणित र भूगोल किताब त १२ वर्ष पुराना थिए । किताबमा नाम लेख्ने चलनले त्यो किताबको उमेर बताउँथ्यो । आफूभन्दा अघि क-कसले त्यो किताब पढेका रहेछन् भनेर चाल पाइन्थ्यो तर अहिले विद्यालय र विश्वविद्यालय तहमा पुराना किताब पढ्ने रुचि विद्यार्थीमा देखिँदैन । सबै नयाँ किताब खोज्ने भएकाले शैक्षिक सत्र सुरु भएको महिना दिन हुन लाग्दा पनि प्रकाशकले विक्रेतासम्म किताब पुऱ्याउन सकेको हुँदैन ।

विद्यालय तहको नयाँ शैक्षिक सत्र सुरु भएसँगै नयाँ पाठ्यपुस्तक, कापी आदिको किनबेच अधिक हुने समय हो । प्रकाशक र प्रकाशन गृहलाई भ्याइनभ्याई छ । पुराना किताबले नै चलाउँछु भन्नेहरू निजी क्षेत्रमा छँदै छैनन् । सामुदायिक विद्यालयका विद्यार्थी पनि उसै मेहेरोमा छन् । सरकारले पनि पुराना किताबलाई प्रवर्धन गर्ने ठोस नीति लिए जस्तो लाग्दैन । अभ्यास पनि किताबमा नै गराउने (वर्क बुक) पद्धति झन् मौलाएको छ । विद्यार्थीलाई किताब हिफाजत गर्न सिकाइएको पाइँदैन तर नयाँ किताब छपाउँदा कति वातावरणीय क्षति हुन्छ भन्ने कुराको चेत कति मानिसले राखेको होला ?

परीक्षालक्षित साना पुस्तक, गेस पेपर, क्याप्सुल, गाइड, प्रश्नपत्र सँगालो, पुराना प्रश्नको समाधान पुस्तक या अन्य यस्तै सामग्री पनि नयाँ नै खोजिन्छ । विगत वर्षहरूकै हुबहु भए पनि नयाँ, त्यही सालमा नै छापिएको चाहिन्छ विद्यार्थीलाई । लोक सेवा आयोग, शिक्षक सेवा आयोगलगायत प्रतिस्पर्धात्मक परीक्षाको तयारीका लागि छापिएका पुस्तकजन्य वस्तु अपरिवर्तित पाठ्यक्रम भए पनि, विषयवस्तु र व्याख्या उही भए पनि उम्मेदवारलाई पुरानामा विश्वास छैन र उसले नयाँ नै खोज्छ ।

कार्यालयका आन्तरिक छाप्य सामग्री, घरमै पढ्नका लागि बनाइएका नोटकपी जस्ता वस्तु प्रिन्ट गर्दा एकातर्फ मात्र गर्ने चलन छ । त्यो कागज (पेपर) आधा मात्र प्रयोगमा आई आधा खेर जान्छ । मेरा एक जना प्रशासक मित्रले कागज निर्माणमा लाग्ने ऊर्जा र कच्चा पदार्थ अनि यसको वातावरणीय हानि राम्ररी बुझ्नु भएकाले हाल उहाँले आन्तरिक प्रयोजनमा छपाइ गरिने सम्पूर्ण सामग्री कागजको दुवैतर्फ छाप्ने नियम बनाउनुभएको छ । परिणामस्वरूप कागजको खपत आधा घटेको उहाँ दाबी गर्नुहुन्छ ।

वास्तवमा कागज आजको एउटा ठुलो वातावरण नाशक र आर्थिक खर्चालु वस्तु भएको छ । त्यसमाथि सधैँ नयाँ नै चाहिने भन्ने धारणाले यसको माग बढेर वातावरणीय क्षति अझै बढिरहेको छ । आजभन्दा दुई हजार वर्षअघि कागजको आविष्कार चीनमा भएको हो, औद्योगिक उत्पादन पनि चीनबाटै सुरु भयो र आज पनि सबैभन्दा ठुलो उत्पादक देश चीन नै हो । कागज उत्पादन र प्रयोगले वातावरणमा सबै प्रकारका प्रदूषण हुन्छन् । फोहोरको थुप्रोमा खोज्दा २६ प्रतिशत फोहोर कागजजन्य पाइन्छ । हामी कागजरहित (पेपरलेस) कार्य र जमानाको कुरा गरिरहेका छौँ तर कागजको उत्पादन भने हरेक साल वृद्धि हुँदै आएको छ । एक तथ्याङ्कले भनेको छ, सन् २००५ देखि २०२० मा पुग्दा यसको माग ठिक दुई गुणाले बढेको छ । विश्वमा अघिल्लो वर्ष ४१ करोड चार लाख मेट्रिक टन कागज उत्पादन भएको थियो । प्रयोग दर हेर्ने हो भने एक जना व्यक्तिले अमेरिका र युरोपतिर एक वर्षमा दुई सयदेखि २५० किलोसम्म कागजजन्य सामग्री प्रयोग गर्छन् । दक्षिण एसियामा प्रयोग दर निकै कम अर्थात् पाँच किलो प्रतिव्यक्ति, प्रतिवर्ष रहेको छ भने नेपालमा तीन किलोभन्दा केही बढी छ । आधुनिकतासँगै फेरिएको जीवनशैलीलाई हेरौँ न, होटलमा पानीले धुनुको सट्टा कागजले मुख हात पुछिन्छ । शौचालयमा कागजको धेरै प्रयोग हुन्छ । टिस्युपेपर अनुहार र जिउ पुछ्न प्रयोग गरिन्छ । एक गिलास पानीले कपडा भिजाएर पुछ्दा हुने काममा दर्जनौँ टिस्युपेपर खर्च गरिन्छ । कागज बनाउने कच्चा पदार्थ रुख हो र अहिलेकै दरमा सबैले प्रयोग गरेमा संसारमा भएका एउटै रुख बाँकी रहन्न भन्ने अनुमान वैज्ञानिकले गरेका छन् । एउटा ए फोर साइजको कागज तयार गर्न यसको तौलभन्दा कम्तीमा तीन गुणा धेरै कच्चा पदार्थ र कम्तीमा १० लिटर पानी अनि अन्य ऊर्जा चाहिन्छ । फेरि जति कागज बनाइएको छ, पुनर्चक्रण हुने ४५ प्रतिशत मात्र हो, बाँकी कुहिएर जान्छ । अनि त कच्चा पदार्थ खोज्न रुखबिरुवातिरै आँखा लगाउनु पर्छ । व्यापारिक तथा औद्योगिक प्रयोजनमा काटिने रुखको ४० प्रतिशत चाहिँ कागज उत्पादनका लागि हुने गरेको काउन्ट वर्ड भन्ने एजेन्सीले उल्लेख गरेको छ ।

ऊर्जा खपतका दृष्टिले कागज उद्योग पाँचौँ ठुलो हो, जसले विश्वमा उपलब्ध ऊर्जाको ४ प्रतिशत खपत गर्छ । एक टन कागज बनाउनलाई २५३ ग्यालोन पेट्रोल आवश्यक पर्छ । बायो रिसोर्सेस टेक्नोलोजी रिपोर्ट भन्ने विज्ञान पत्रिकामा छापिएको एक लेखका अनुसार हामीले प्लास्टिकको विकल्पका रूपमा सिफारिस गर्ने गरेको कागजले यसको जन्मदेखि अन्त्यसम्म वातावरणीय क्षति पुऱ्याउँछ । कच्चा पदार्थका लागि वन विनाश हुने कुरा जनाइएको छ भने प्रशोधनका लागि पानी र अकार्बनिक रसायन धेरै मात्रामा प्रयोग गरिएको हुन्छ अनि पेपर उद्योगबाट निस्किएको फोहोर पानीमा भएको रसायनले जलचरको ग्रन्थी प्रणाली र स्नायुमा धेरै असर गरेको पाइयो । जलाउँदा पनि कार्बन मोनोअक्साइड र डाइअक्साइड निस्केर प्रदूषण गर्ने अनि कुहाउँदा पनि मिथेन ग्यास निस्किएर वायु, माटो र पानीलाई हानि गर्ने गरेको पाइयो । यही वर्ष वायुमण्डलमा हरितगृह ग्यास सञ्चयको २१ प्रतिशत भाग कागज उद्योगले लिएको तथ्य छ ।

नेपालमा विद्यार्थीले र कार्यलयीय काममा धेरै कागज खपत गरेको पाइन्छ । विद्यालय र विश्वविद्यालयमा गरी करिब सवाकरोड विद्यार्थी छन्; जसले किताब र कापी नियमित प्रयोग गर्छन् । यसै अनुपातमा माथिल्ला कक्षामा पनि छन् । छपाइसँगै कागजको प्रयोग प्याकिङमा र अन्य गृह निर्माणका अवयवमा अनि ध्वनि शोषक सतह निर्माणका लागि पनि हुन्छ । यस किसिमका प्रयोग चाहिँ विकसित देशमा बढी चलेको छ । माग र उत्पादन बढेसँगै कागजको मूल्य पनि हरेक साल अकासिँदो छ । विगत दुई दशकदेखि प्रत्येक वर्ष मूल्य करिब १० देखि २५ प्रतिशतले बढिरहेको छ । कागज र कागज उद्योगले वातावरणमा असर गर्ला कि भनेर संयुक्त राष्ट्रसङ्घको वातावरणीय कार्यक्रम (युएनइपी) सन् १९७४ देखि नै सचेत भएको देखिन्छ । उसले सोही समयदेखि विश्व कृषि तथा खाद्य कार्यक्रम (एफएओ) सँगको सहकार्यमा अनुसन्धान गरिरहेको छ । अनुसन्धान अनुसार यस प्रकारको उद्योगका कच्चा पदार्थको स्रोत रुखबिरुवा हुन् अनि रुखबिरुवाले यसलाई धान्न सक्ला ? यसको दिगोपना कसरी कायम गर्न सकिएला ? यस्ता उद्योगको भविष्य कस्तो होला ? पछिल्ला वर्षहरूमा पनि विश्वका संस्थाहरूले यस क्षेत्रमा काम गर्दै आइरहेका छन् । उनीहरूले यसमा ठुलो चुनौती देखेका छन् र विश्वसमुदायलाई सचेत पनि गराउँदै आएका छन् कि कच्चा पदार्थको उत्पादनमा जोड देऊ, कागजको प्रयोग घटाऊ र वातावरणीय क्षति न्यून गर ।

सजिलै गल्ने, प्रयोग गर्न सजिलो हुने, सजिलै उपलब्ध हुने, प्रदूषण कम गर्ने आदि फाइदा देखेर कागजको प्रयोगलाई बढावा दिँदै आउँदा अहिले यसको फुर्मासी बढ्यो । प्रयोगका साथमा दुरुपयोग भयो । यसले आर्थिक र वातावरणीय क्षति बढायो, कच्चा पदार्थ नपाएर उद्योगहरू सङ्कटमा फसे । तसर्थ अब कागजको विकल्पमा जान हतार गर्नुपर्ने देखियो । त्यसका लागि सबैभन्दा पहिला सोच बदल्नु पर्दछ । विद्यालय तहमा पुराना किताब पढ्दा हुन्छ । किताब सुरक्षा गर्न विद्यार्थीलाई प्रेरित गरौँ, सफा किताब राख्नेलाई पुरस्कृत गरौँ ।

पुराना किताब पढ्ने हो भने र अपुग किताब मात्र छपाइ गर्ने हो भने नेपालको सन्दर्भमा कागजको प्रयोगमा झन्डै आधा कटौती हुन्छ ।

आन्तरिक प्रयोजनका छपाइ पन्नाको दुवैतर्फ गरौँ । पाठ्यक्रममा सामान्य परिवर्तन हुँदैमा नयाँ किताबमा आँखा नलगाऔँ । छपाइमा नै आउनु पर्छ भन्ने छैन, कतिपय स्मारिका, जर्नल, सेमिनारका सुभेनियर, सारांश किताब, संस्थाका वार्षिक प्रतिवेदन, राजनीतिक प्रतिवेदन तथा दस्ताबेजहरू आदि कागजमा छपाइ गर्न आवश्यक छैन । यस्ता सामग्रीलाई कम्प्युटरका अनेक प्रणाली जस्तै पिडिएफ बनाएर क्युआर कोड बनाई वितरण गर्ने हो भने कति कागज र कागजसँगै वातावरण तथा ऊर्जाको बचत होला । किताबलाई इलेक्ट्रोनिक बुक बनाउने, सेवा आयोगका परीक्षा तयारीका पुस्तक स्क्रिनमै पढ्न सकिन्छ । कम्प्युटर र आइटी प्रणालीमार्फत नै छपाइलाई विस्थापित गर्न सकिन्छ; जसले यसको पारवहनमा समेत हुने खर्च जोगाउँछ ।

# मानिसकै कारण प्राकृतिक प्रकोप बढ्दैछ



• द्रोण अधिकारी

जलवायु परिवर्तनको असर हरेक वर्ष देखिन थालेको छ। जाडो वा गर्मीको समयमा विगतभन्दा भिन्न रूपमा प्रकृतिले आफूलाई प्रस्तुत गरिरहँदा विपतको रूप देखिन थालेको अवस्था छ । खासगरी प्रकृतिलाई मानिसले नियन्त्रण गर्ने प्रयास थालेकै कारण विपत नयाँ नयाँ स्वरूपमा आउने गरेको छ । सत्य कुरा के हो भने प्रकृतिमाथि मानिसको नियन्त्रण संभव छैन तर पनि मानिस विकास वा उन्नतिका नाममा प्रकृतिमाथि अतिक्रमण बढाइरहेको छ । प्रकृतिलाई मानिसले नियन्त्रण गर्न नसके पनि सही रूपमा उपयोग गर्न भने सक्छ । प्रकृति मानवका लागि सुखमय जीवन पनि हो तर, मान्छे आफ्नो जीवनका रूपमा रहेको प्रकृतिमाथि अतिक्रमण गरेर विजय हासिलको दौडमा लाग्दा प्रकृतिले प्रकोपको स्वरूप धारण गर्ने गरेको छ। प्राकृतिक प्रकोप भन्नाले बाढी, पहिरो, वर्षा, खडेरी, हिमपात, हुरीबतासजस्ता कुराहरू पर्दछन् । प्राकृतिक प्रकोप मानिसहरूको बशमा हुँदैन तर मानिसले चाहेमा यसको न्यूनीकरण गर्न सक्दछ । धनजनको क्षतिबाट जोगाउन सक्दछ। प्राकृतिक प्रकोपको ख्याल नगर्ने हो भने यसले धनजनको विनाश गरी मानव जीवनलाई तहसनहस बनाउन सक्छ ।

हरेक वर्ष जाडोयाममा धैरै वा थोरै जाडोको अनुभव हुनु प्रकृतिले आफ्नो रूप बदल्ने संकेत गर्नु हो भने गर्मीयाममा तापमान बढेर सहन नसक्ने अवस्था आउनु विपत उन्मूख प्रकृतिको स्वरूप देखिनु हो । त्यस्तै वर्षात्मा पानी कम पर्नु अथवा ढिलो, छिटो पानी वर्षने अवस्थाले पनि विपतको संकेत गरिरहेको हुन्छ । नेपालको सन्दर्भमा प्राकृतिक प्रकोपमा सबैभन्दा बढी जनमानसलाई दुःख दिने बाढीपहिरो प्रमुख रूपमा रहेको छ । त्यसपछि खडेरीका कारण हुने आगलागीले धैरै मानिसको धनजनको क्षति गर्ने गरेको छ । हरेक वर्ष हिउँद सकिनेबित्तिकै खडेरी लम्बिने र आगलागीका घटना हुने गरेको पाइन्छ भने वर्षा लागेपछि बाढीपहिरोका कारण धैरै धनजनको क्षति भएको हामी सुन्दै/देख्दै आइरहेका छौं । बाढीपहिरोलाई न्यूनीकरण गर्न बाढी आउने मुख्यमुख्य ठाउँमा बृक्षरोपण गर्नु पर्दछ । खोलाका किनारामा तटबन्ध बाँध्नुपर्दछ । वन जंगलको संरक्षण गर्नु पर्दछ। खोला किनाराबाट अत्यधिक बालुवा, गिटी निकाल्नु हुँदैन । पहिरो जाने ठाउँमा पानीको निकास छोड्नु हुँदैन । पहिरो जाने क्षेत्रमा वर्षाको समयमा खेतीपाती पनि गर्नु हुँदैन । खेतीपातीले गर्दा माटो कमलो भई पहिरो जाने झन् बढी सम्भावना रहन्छ। यस्ता आधारभूत ज्ञान हामीले ग्रहण नगर्दा हरेक वर्ष सयौंले ज्यान गुमाउने, हजारौंले घरबास छोड्नु पर्ने, हजारौं रोपनी खेती योग्य जमिन सँधैका लागि गुमाउनु पर्ने विषम परिस्थिति भोगिरहेको अवस्था छ । त्यस्तै आगलागी रोक्न पानीका मुहान सुरक्षित राख्ने, खडेरीको समयमा प्रज्वलनशील पदार्थलाई सुरक्षित स्थानमा राख्ने गर्नु पर्दछ। हरियाली वातावरण संरक्षित हुने कार्य निरन्तर अगाडि बढाउने हो भने आगलागी न्यूनीकरण हुन सक्छ । खडेरी पर्ने प्रमुख कारण वनजंगल विनास भएको सत्यलाई स्वीकार गरेर वनजंगलको सुरक्षामा ध्यान दिएर हरित वातावरण बनाउन सक्ने हो भने खडेरीको समस्या भोग्नु पर्दैन। यस्तो विपतजन्य अवस्था कम गर्न राज्यले पनि उचित योजना, नीति नियम निर्माण गर्न सकेको अवस्था छैन।

अत्यधिक जनसंख्या वृद्धि, वातावरणीय सन्तुलनको अभावमा नेपालमा हरेक वर्ष अधिक वर्षा तथा खडेरी पर्ने क्रम बढ्न थालेको छ। यस विषयमा हामी नेपालीले सजग र सचेत भएर सोच्न जरुरी भइसकेको छ। त्यस्तै वातावरणीय सन्तुलनको अभावमा जथाभावी हिमपात हुने र अनावश्यक हुरीबतास आउने क्रम पनि बढ्दो छ। यस्ता प्राकृतिक प्रकोपबाट बच्न, आउने सम्भावित खतराबाट बचाउन, सुरक्षित बसाइको व्यवस्था गर्न जरूरी छ। यदि बसाइ सुरक्षित भएन भने मानवको जीवन र धनको क्षति हुन सक्छ भन्ने तथ्यलाई भुल्नु हुँदैन । यस वर्षको खडेरी निकै लम्बिने संकेत देखिदैछ । आउने वर्षादका तीन महिनामा पूर्व मेचीदेखि महाकालीसम्म हजारौं नागरिक बाढी र पहिरोबाट प्रताडित हुने अर्को संकेत यस खडेरीलाई लिनु पर्छ । बेलैमा सचेत हुन सकिएन भने अरबौंका भौतिक संरचना क्षतिग्रस्त हुने छन् । विकासका गतिविधिमा समेत अवरोध आउने छ । यस्ता विनाशका घटना पहिलो पटक भएको भने होइन ।

प्राकृतिक विपत हरेक वर्ष बढ्दो रूपमा रहनुचाँहि चिन्ताको विषय हो । प्रकृति अनुकुल बन्न सक्दा प्रकोप घट्न सक्ने वैज्ञानिक तर्क छ। विकासका नाममा अव्यवस्थित कटान गरेर सडक खन्ने, वन जंगल मास्ने, खोला–नदी दोहन गर्ने कार्यले खडेरी, बाढी पहिरोको स्वरूपमा परिवर्तन भएको सत्यलाई बिर्सनु हुँदैन । हरेक वर्ष बढ्दै गइरहेको प्राकृतिक प्रकोप नियन्त्रण गर्न सबै पक्ष सचेत हुन जरूरी छ । सबैले साझा समस्या मानेर प्रकोप नियन्त्रणका लागि प्रतिबद्ध नभएसम्म प्राकृतिक प्रकोपसित जुध्न सकिदैन। प्रकृति हाम्रो जीवन हो यसलाई हामीले नै संरक्षण गर्नु पर्दछ । कृतिम वस्तुका कारण प्राकृतिक स्वरूप बिग्रनु हुँदैन । भौतिक उन्नतिका नाममा विषाक्त रसायनले प्रकृतिको वास्तविक रूप बिगार्ने कार्य नरोकिएसम्म प्राकृतिक विपत्ति घट्ने संभावना पनि देखिदैन । मानिसलाई थाहा छ, उसले गरिरहेको प्रकृति विरोधी कामले आफ्नै अस्तित्व कम्जोर बनिँदैछ । तर पनि मानिस विज्ञान र प्रविधिका नाममा प्रकृतिमाथि अतिक्रमण बढाइरहेको छ । त्यसैको प्रतिफल आज हरेक समयमा विपतसित लडिरहनु परेको छ ।

# टेबल टेनिसको ओलम्पिक छनोट नेपालमा

झापा(प्रस) । पेरिस ओलम्पिक २०२४ का लागि टेबल टेनिस खेलको दक्षिण एसियाली छनोट नेपालमा हुने भएको छ ।

आगामी जुलाइदेखि फ्रान्सेली सहरमा ३३ औं गृष्मकालीन ओलम्पिक हुँदैछ । त्यसका लागि अधिकांश खेलको छनोट चरण चलिरहेको छ । टेबल टेनिसको लागि दक्षिण एसियाली छनोट प्रतियोगिता भने नेपालमा आगामी मे १३ देखि २५ तारिखसम्म हुने भएको हो ।




छनोट प्रतियोगितामा भारत र भुटानबाहेक दक्षिण एसियाली राष्ट्र नेपाल, बङ्गलादेश, माल्दिभ्स, पाकिस्तान र श्रीलङ्काका खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। आयोजक अखिल नेपाल टेबल टेनिस संघकाअनुसार विश्व वरीयताको शीर्ष आठमा भएकाले भारत छनोटमा सहभागी नहुने भएको हो ।

प्रतियोगिता संयोजक तेजेन्द्र सिंहका अनुसार प्रतियोगिता नकआउटका आधारमा हुनेछ ।

छनोट प्रतियोगितामा हरेक देशबाट समान दुई पुरुष र दुई महिलाले प्रतिस्पर्धा गर्नेछन् । नेपालबाट संयोग कपाली, स्यान्टु श्रेष्ठ, नबिता श्रेष्ठ र इभाना थापाले प्रतिस्पर्धा गर्नेछन् । दक्षिण एसियाली छनोटबाट समान एक पुरुष र महिला खेलाडीले फ्रान्सको पेरिसमा हुने ओलम्पिक खेल्न पाउनेछन्। नेपालले पहिलोपटक टेबल टेनिसको ओलम्पिक छनोट आयोजना गर्न लागेको हो । यो छनोट प्रतियोगिता लैनचौरस्थित राष्ट्रिय टेबल टेनिस प्रशिक्षण केन्द्रमा हुनेछ। प्रतियोगिताका लागि करिब १० लाख रुपैयाँ खर्च हुने आयोजकले जनाएको छ ।

टेबल टेनिसका मुख्य प्रशिक्षक राजेन्द्र कपालीले भारतको सहभागिता नहुँदा नेपाललाई फाइदा पुग्ने विश्वास व्यक्त गरे । ‘‘भारत नहुँदा ओलम्पिकमा छनोट हुने सबैभन्दा ठुलो अवसर नेपालका लागि हुनेछ । श्रीलङ्का पनि दाबेदार हो । घरेलु कोर्टमा चारै खेलाडी दाबेदार रहनेछन् । अस्ट्रेलियामा रहनुभएका स्यान्टु केही दिनमा नेपाल आइपुग्नु हुनेछ ।’’

नेपालबाट यसअघि तेक्वान्दोका सँगिना वैद्य र दीपक विष्टले ओलम्पिकमा छनोट चरण पार गरेका छन् । छनोट प्रतियोगिता सञ्चालनका लागि भने भारतबाट प्राविधिक आउने संघले जनाएको छ ।

# करदाता सेवा कार्यालयको राजश्वमा वृद्धि

झापा(प्रस) । करदाता सेवा कार्यालयबाट संकलित हुने राजश्व गत आर्थिक वर्षको यही अवधिको तुलनामा यो वर्ष वृद्धि भएको छ । गत वर्ष चैत मसान्तसम्म १२ अर्ब १६ करोड राजश्व संकलन भएको थियो । यो वर्ष चैत मसान्तसम्म उक्त रकममा १.५३ प्रतिशतले वृद्धि भएको आन्तरिक राजश्व कार्यालयका महानिर्देशक शिवलाल तिवारीले जानकारी दिए ।




उनले चालु आर्थिक वर्षको बाँकी दुई महिनामा सो वृद्धिदर थप बढ्ने अनुमान गरे । देशभर ३९ वटा करदाता सेवा कार्यालय छन् । ती कार्यालयरूले करदातालाई पायक पर्ने स्थानबाट आयकर, मुल्य अभिवृद्धिकर, अन्तशुल्क तथा शिक्षा र स्वास्थ्य क्षेत्रको कर संकलन गर्दै आएका छन् । यसैबीच आन्तरिक राजश्व कार्यालयले ३९ वटै करदाता सेवा कार्यालयका प्रमुखसहित कर्मचारीहरूको कार्यसम्पादन समीक्षा सम्पन्न गरेको छ। सबै कार्यालयका कर्मचारीसँग आफूले भर्चुअल माध्यमद्वारा कार्यसम्पादन समीक्षा गरेको जानकारी दिए । समीक्षामा उनले राजश्व निगरानी र करदाता सचेतना बढाउन निर्देशन दिए । तिवारीले अनुशासित भएर सरल र बिनाझन्झट सेवा प्रवाह गर्न आग्रह गरे ।

# ब्राजिलमा बाढीले लियो ५५ जनाको ज्यान, ७४ जना बेपत्ता

एजेन्सी । ब्राजिलमा अत्यधिक वर्षापछिको बाढीमा परी कम्तीमा ५५ जनाको मृत्यु भएको छ ७४ जना बेपत्ता छन्।

शनिबारदेखि भइरहेको भारी वर्षापछि २५ हजारभन्दा बढी मानिस विस्थापित भएको अधिकारीहरुले जनाएका छन्। अझै केही दिन वर्षा हुने चेतावनी त्यहाँको मौसम विभागले दिएको छ।



अत्यधिक वर्षापछिको बाढीका कारण ५ लाखभन्दा बढी मानिसले सफा पानी र बिजुली कटौतीको सामना गर्नुपरेको बताइएको छ।

बाढीबाट देशभरका करिब २५० सहर प्रभावित भएको र कयौं सडक तथा पुल भत्किएको बीबीसीले जनाएको छ। बेन्टो गोन्काल्भेसमा रहेको एउटा बाँध नजिक पहिरो जाँदा ३० जनाको मृत्यु भएको र बाँध टुट्ने जोखिममा रहेको एजेन्सीहरुले जनाएका छन् । यो बाँध टुटे हजारौं मानिस जोखिममा पर्नेछन्।

# गाँजासहित ४ जना पक्राउ

झापा(प्रस) । लागूऔषध गाजासहित प्रहरीले मोरङको सुन्दरहरैँचाबाट ४ जनालाई पक्राउ गरेको छ। घरबाट गाँजा बिक्री गर्ने, खरिद गर्ने र गाँजा ‘सप्लाई’ गर्नेहरु पक्राउ परेका हुन्। पक्राउ परेकाहरुबाट साढे २ किलो गाँजा बरामद भएको प्रहरीले जनाएको छ।



पक्राउ पर्नेमा सुन्दरहरैँचा नगरपालिका-७ डाँडा गाउँका ६३ वर्षीय देव चौधरी, ३८ वर्षीय दुर्गाप्रसाद फुयाँल, मोरङको केराबारी गाउँपालिका-४ का ३१ वर्षीय सुविन राई र केराबारी-४ का १९ वर्षीय अनिसम बस्नेत रहेका छन्। मोरङ प्रहरीका प्रवक्ता डीएसपी ज्ञानेन्द्रबहादुर बस्नेतका अनुसार इलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको टोलीले चारै जनालाई पक्राउ गरेको हो। चौधरीको घरबाट गाँजा किनबेच हुने गरेको सूचना आएपछि नियन्त्रणमा लिन बेलबारीका इन्सपेक्टर तेजबहादुर दाहालले आइतबार राति ९:३० बजेतिर टोली परिचालन गरेका थिए। वरिष्ठ सइ (प्रहरी वरिष्ठ नायव निरीक्षक)को नेतृत्वमा खटिएको टोलीले चौधरी र फुयाँललाई सुरुमा पक्राउ गरेको हो। डीएसपी बस्नेतका अनुसार प्रहरी पुग्दा चौधरीको घरमा गाँजा किनबेच हुँदै थियो। चौधरीले फुयाँललाई गाँजा बेच्दै गरेको अवस्थामा दुवै जनालाई पक्राउ गरिएको उनले बताए। त्यसपछि घर खानतलासी गर्दा ५ सय ग्राम (आधा किलोग्राम) गाँजा बरामद भएको जानकारी बस्नेतले दिए। उनका अनुसार चौधरीले घरमै राखेर गाँजा बिक्री गर्ने गरेको खुलेको छ।

सोधपुछ गर्दा प्रदेश १-०२-०५३ प ९०३१ नम्बरको मोटरसाइकलमार्फत चौधरीको घरमा गाँजा ‘सप्लाई’ गरेको खुल्यो। ‘चेक पोइन्ट’ खडा गरेर सवारीसाधन चेकजाँच गर्न थालेको प्रहरी उक्त मोटरसाइकललाई पनि नियन्त्रणमा लिन सफल भयो। मोटरसाइकललाई नियन्त्रणमा लिएर चेकजाँच गर्दा चालक राई र पछाडि सवार बस्नेत पक्राउ परे।

डीएसपी बस्नेतका अनुसार बस्नेतले पछाडि बोकेको झोला खानलतासी गर्दा २ किलोग्राम गाँजा बरामद भयो। मोटरसाइकल प्रयोग गरेर राई र बस्नेतले विभिन्न स्थानमा गाँजा ‘सप्लाई’ गर्ने गरेको प्रहरीको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ। साढे २ किलो गाँजासहित पक्राउ परेका चारै जनालाई बेलबारी प्रहरीको हिरासतमा राखेर थप अनुसन्धान अघि बढाएको छ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




SERVICES
सम्पर्क:
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन
वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा




PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्क:
फोन: ०२३-५४०४७८
मो: ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



MANAV DENTAL HOSPITAL Pvt.Ltd.
Estd:2065
ANARMANI-3,BIRTAMODE
मानव डेन्टल
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोन: ०२३-५४२६१६, मो: ९८५२६४०४०५
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान



## वर्गीकृत विज्ञापन संकलन केन्द्रहरु :

| चन्द्रगढी, भद्रपुर | दमक | मेचीनगर | उर्लाबारी | इलाम, मंगलबारे | काकँरभिट्टा | झापा बजार |
|---|---|---|---|---|---|---|
| लोकबहादुर कुँवर : ९८४२६८३९९६<br>द्रोण अधिकारी : ९८४२६२८७९१ | विष्णु सुब्बा : ९८५२६७०१३७<br>देविबहादुर बस्नेत : ९८१७९२४६२१ | चारआली : ९८४२७०३०१३<br>गोबिन्द घिमिरे : ९८१५६५०१५० | रुपेन्द्र शेर्मा : ९८४२०९२४०६<br>विराटनगर<br>क्रिएटिभ आई: ०२१-५२५६१० | रणवीर लिम्बू<br>९८१६९८४७५७ | फ्रेन्डसिप पुस्तक पसल<br>०२३-५६२४२४ | बरत राजवंशी<br>९८१७०४९००१ |

## आजको राशिफल

**मेष** आज विशिष्ट व्यक्तिको साथ पाइनेछ । राजनैतिक कार्यमा सफलता मिल्नेछ ।

**वृष** आँटेको र ताकेको कार्य पुरा होला । आर्जनका क्षेत्रमा सुधार आउनेछ ।

**मिथुन** निर्णायक क्षमतामा कमी आउनेछ । स्वास्थ्य सम्बन्धी चिन्ता बढ्नेछ ।

**कर्कट** आज कुनै कुराले मनमा शान्ति छाउनेछ । नयाँ कार्यको योजना बन्नेछ ।

**सिंह** आज शैक्षिक क्षेत्रमा सफलता मिल्नेछ । पार्टी तथा सेमिनारमा सहभागी भइएला ।

**कन्या** आज प्रतीक्षा गरिएको काम पूरा हुनेछ । दैनिक कार्यमा प्रगति हुनेछ ।

**तुला** आज शरीर भारी र मन अस्थिर रहने संकेत देखिन्छ । घरायसी विवाद समेत

**वृश्चिक** आज न्यायिक कार्यमा सफलता मिल्नेछ । जोशजाँगर र हिम्मत बढ्नेछ ।

**धनु** आज मान प्रतिष्ठामा वृद्धि हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ ।

**मकर** आज बन्धुबान्धवबाट सहयोग मिल्नेछ । राजनैतिक कार्यमा सफलता पाइएला ।

**कुम्भ** आज आफन्त व्यक्तिसँग विवाद पर्ने सम्भावना छ । गर्न खोजेका काममा

**मिन** आज रोकिएका अधुरा कामहरू पुरा हुनेछन् । बोलीको प्रभाव बढ्नेछ ।